## गाउँ कार्यपालिकाको १३ (तेह्रौं) बैठक / २०८२/०८३

मिति : २०८२ साल फाल्गुण १२ गते मंगलबार

समय : बिहान : ८ :३० बजे

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | अनुपस्थित |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | अनुपस्थित |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | अनुपस्थित |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | अनुपस्थित |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. आगामी आ. व. ०८३/०८४ को लागि प्रदेश समपूरक आयोजना माग गर्ने सम्वन्धमा ।

३. आ. व. २०८२/०८३ को समपुरक र बिशेष अनुदानको कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

४. सडक बोर्डका आयोजना छनौट र स्रोत सुनिश्चिता सम्वन्धमा ।

५. बृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रबर्द्धन कार्यक्रम सम्वन्धमा ।

६. फुसको छाना (हरियो जस्तापाता) कार्यक्रम कार्यान्वयन सम्वन्धमा

७. निर्वाचन आचार सहिंता २०८२ को परिपालन सम्वन्धमा ।

८. आन्तरीक राजश्व विभागसंगको MOU सम्वन्धमा ।

९. अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८२ साल फाल्गुण १२ मा सम्पन्न १३ (तेह्रौं) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको बाह्रौं बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

आगामी आ. व. ०८३/०८४ को लागि गाउँपालिकाको लागत साझेदारीमा संचालन हुने गरी प्रदेश समपुरक अनुदान तर्फ देहायका आयोजना छनौट गरी पठाउने सर्व सम्मत निर्णय गरियो ।

आगामी बैठकमा छलफल गर्ने ।

देहाय :

~~(क) बास्तीम चोक देखि मानेडाँडासम्मको सडक कालोपत्रे आयोजना~~

निर्णय नं. ३

आ. व. ०८२/०८३ को लागि प्राप्त समपूरक तथा बिशेष अनुदान अन्तरगतको आयोजनाहरुको काम तदारुकताका साथ कार्यान्यिवन भई रहेको र सोको नियमित अनुगमन गरि समय भित्रै सम्पन्न गर्ने गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

चालू आ. व. ०८२/०८३ मा सडक बोर्डबाट प्राप्त अनुदान रकमबाट यस गाउँपालिकाको १ नं. वडा जोड्ने निम्न सडक स्तरोन्नतीका लागि छनौट गर्ने गरी कार्यपालिकाको बाह्रौं बैठकबाट निर्णय गरिएकोमा उक्त आयोजनामा गाउँपालिकाले व्यहोर्न पर्ने बजटको स्रोत सुनिश्चिता हिउँदे अधिवेशनको गाउँसभाको दोश्रो बैठकबाट गर्ने सर्व सम्मत निर्णय गरियो ।

देहाय :

१. मध्यपहाडी लोकमार्ग शुक्रबारे देखि १ नं. वडा कार्यालय जोड्ने कृषि सडक - पौवादुङमा - १

निर्णय नं. ५

प्रदेश सरकार र दायित्व नेपाल बिराटनगर द्वारा यस चालू आ. व. मा संचालन हुने बृद्धिमुखी उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (GEEP) लाई स्वीकृत गरी सम्झौता बमोजिम कार्यान्वयन गर्ने गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ६

चालू आ व. ०८२/०८३ को सुरक्षित आवास कार्यक्रम अन्तरगत स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिकाको ६ वटै वडा भित्रका फुसको छानालाई बिस्थापित गरी सुरक्षित नागरिक आवास अन्तरगत हरियो जस्तापाता बितरण कार्यक्रम कार्यान्वयन एवं सोको अनुगमन समेत नियमित रुपमा भईरहेकोले यस बर्ष लाभग्राहीको प्राथमिकतामा परेको सम्पूर्ण नागरिकहरुलाई जति सक्दो चाँडो जस्तापाता उपलब्ध गराउने उद्धेश्यका साथ पहिलो चरणमा बोलपत्र भई बाँकी हुन आएको रु. ८०,००,०००।- (असी लाख) रकमको समेत जस्तापाता खरिदका लागि नियमानुसार बोलपत्र आह्वान गर्ने सर्व सम्मत निर्णय गरियो ।

नबिन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

निर्णय नं. ७

प्रतिनिधिसभा सदस्यका लागि यहि २०८२ फाल्गुण २१ गते हुन गईरहेको निर्वाचनमा निर्वाचन आयोगबाट जारी निर्वाचन आचार संहिता यस गाउँपालिका भित्र पूर्ण रुपमा परिपालन भईरहेको र निर्वाचन अवधीभर सामाजिक सद्भाव भड्काउने खालको अवाञ्छित गतिविधि कोहि कसैबाट नगर्ने नगराउने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ८

करदाता सेवा कार्यालय भोजपुरबाट प्रदान भईरहेको करदाता सम्वन्धी सेवाहरु मध्ये नेपाल सरकारको मिति २०८२/०७/१७ को निर्णय बमोजिम सम्झौतामा उल्लेख भए बमोजिमका केहि सेवाहरु सम्वन्धित स्थानीय तहबाटै प्रदान गर्ने गरी आन्तरीक राजश्व कार्यालय धरान र यस पौवादुङमा गाउँपालिका च्याङ्ग्रे भोजपुर बीच भएको MOU अनुमोदन गर्ने र सम्झौता बमोजिम कार्यान्वियन अगाडी बढाउने सर्ब सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष